" समृद्ध तुलसीपुरः सबैका लागि, सधैका लागि "

तुलसीपुर उपमहानगरपालिकाको
१५औं नगरसभाको पहिलो बैठकमा
नगर प्रमुख श्री टीकाराम खड्काद्वारा प्रस्तुत
आ.व.२०८१/०८२ को

# *नीति तथा कार्यक्रम*

२०८१ असार १० गते

**सम्मानित नगर सभाका सदस्यज्यूहरू,**

तुलसीपुर उपमहानगरपालिका प्रमुखको रुपमा आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।सर्वप्रथम इतिहासका विभिन्न कालखण्डहरूमा भएका राजनीतिक,सामाजिक परिवर्तन तथा आन्दोलनहरूमा जीवन उत्सर्जन गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले मुलुकलाई एकात्मक राज्य व्यवस्थाबाट संघीय प्रणालीमा रूपान्तरण गरेसँगै स्थानीय तहलाई विकास निर्माण तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी प्राप्त भएको छ।नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय सरकारसँग नागरिकका अपेक्षा धेरै छन्।समृद्ध तुलसीपुर निर्माण गर्ने लक्ष्यका साथ यसअघि थालिएका असल अभ्यासहरूलाई अनुशरण गर्दै "***समृद्ध तुलसीपुर सबैका लागि सधैंका लागि***" भन्ने मूल नाराका साथ अघि बढिरहेका छौं।स्थानीय तहको पुर्नसंरचना पश्चात् तुलसीपुरलाई समुन्नत शहर निर्माणका लागि निर्वाचित भएदेखि नै प्रयत्न गरिरहेका छौं। हाम्रो प्रयास, जनताको विश्वास र सहयोगले तुलसीपुर समृद्धिको यात्रामा बढिरहेको छ ।यसलाई जीवन्त शहरको रुपमा विकासका गर्नका लागि अझै धेरै गर्न बाँकी छ।तुलसीपुरको समग्र विकास, आत्मनिर्भरता, समाजवादउन्मुख अर्थतन्त्र, सुन्दर र नमुना शहर बनाउने लक्ष्यतर्फ यो नीति तथा कार्यक्रमले दिशाबोध गर्ने विश्वास लिएको छु ।

नगरवासीको हितमा इमान्दार, जिम्मेवार र जवाफदेही हुँदै काम गर्दै आएको कुरा सर्वविदितै छ ।नगरको दीर्घकालीन र दिगो विकासका लागि हामीले निर्माण गरेको २५ वर्षे दीर्घकालीन रणनीतिक योजना र ५ वर्षे आवधिक योजना, मध्यकालीन खर्च संरचना, स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन (लिजा), वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) को जगमा टेकेर योजनाहरू निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गरिरहेका छौं।जसबाट नतिजामुखी विकासको प्रत्यक्ष प्रतिफल नगरबासीले प्राप्त गरिरहनुभएको छ ।अझैं पनि नगरवासीको समृद्धिका आकाङ्क्षालाई सम्भावनामा बदल्नका लागि विगतमा झै नगरबासीको सहयोगको अपेक्षा गरेका छौं।

नगरसभाका सदस्यज्यूहरू,

विगतमा हामीले सम्पन्न गरेका कामहरू र त्यसबाट प्राप्त सफलता र सिकाईका आधारमा आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेका छौं। अब म सङ्क्षेपमा विगतमा प्राप्त भएका महत्वपूर्ण उपलब्धिहरूलाई उल्लेख गर्ने अनुमति चाहन्छु ।

## *योजना तथा पूर्वाधार निर्माण*

१. तुलसीपुर बहुउद्धेश्यीय (तुलसी ट्रेड टावर) बेशमेन्ट सहितको सात तले व्यापारिक भवनको निर्माण कार्य मिति २०८१/१२/२९ सम्म कार्य सम्पन्न गर्ने सम्झौता भएकोमा हालसम्म ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।

२. वडा नं. १२ स्थित तुलसीपुर बहुप्राविधिक शिक्षालय (मेट्रो कलेज) २६ कोठाको ३ तले भवनको निर्माण कार्य सम्पन्न भएको छ ।

३. वडा नं. ३को श्री रानागाउँ आधारभूत विद्यालयको भवन निर्माण कार्य सम्पन गरिएको छ ।

४. वडा नं.४को श्री माध्यमिक विद्यालय खाद्रेको भवन निर्माण कार्य सम्पन्न भएको छ ।

५. वडा नं.७को श्री माध्यमिक विद्यालय कालाखोलामा छाँया नेपाल र तुलसीपुर उपमहानगरपालिकाको साझेदारीमा विद्यालय भवन निर्माणाधीन अवस्थामा रहेको छ ।

६. वडा नं. ९को श्री मा.वि. दोघरे र श्री आधारभूत विद्यालय सल्लीवनको विद्यालय भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

७. वडा नं.१२को श्री महेन्द्र माध्यमिक विद्यालयको भवन निर्माण कार्य सम्पन्न भएको छ।

८. वडा नं.१३को श्री अम्बेश्वरी माध्यमिक विद्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ ।

९. वडा नं.१८ को श्री शुभकोटी प्राथमिक विद्यालय मनिकापुरको दुई तले भवन निर्माण कार्य सम्पन्न भएको छ ।

१०.वडा नं. ४, १३ र १९ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएका छन् ।

११.वडा नं. ३, ५ र ७ नं. वडा कार्यालयको भवन निर्माणाधीन अवस्थामा रहेका छन् ।

१२.वडा नं.१०, ११ र १९ का स्वास्थ्य चौकी भवन यस आ.व. मा सम्पन्न गर्नेगरी निर्माणाधीन अवस्थामा रहेका छन् ।

१३.वडा नं. ३को त्रिवेणी घाटनेर गहते खोला, वडा नं. ५को अटोभिलेज जाने कटाहा कुलो, वडा नं. ८ को दुधेना राईखलियान चमिखोला, वडा नं. १९र १८ को हात्तीखाल हुँदै डौडारे जोड्ने लामा खोलामा पक्की बक्स पुल निर्माण  सम्पन्न भएको र वडा नं. ११ बन्धुरिया खोलामा बक्स पुल  निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

१४. १४ वटा विद्यालयहरुको पूर्वाधार निर्माण र ११ वटा विद्यालयमा स्वच्छ खानेपानीको निर्माण कार्य सञ्चालन भएको छ ।

१५.वडा नं ९ को कृषि सेवा तथा पशु सेवा शाखाको  भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१६.सडक बोर्ड नेपाल र उपमहानगरपालिकाको साझेदारीमा नगरका कालोपत्रे सडकहरु मर्मत गरिएको छ ।

१७.तुलसीपुर उपमहानगरपालिकाका यस आ.व. मा विभिन्न वडामा र तुलसीपुर विकास प्राधीकरणअन्तर्गत जम्मा ७.९४ किलोमिटर सडक कालोपत्रे र ८.३८ किलोमिटर पक्की नाला सम्पन्न भएको छ ।

१८.जनतासँग जनप्रतिनिधि कार्यक्रमअन्तर्गत विभिन्न वडाहरुमा सडकका खाल्डाखुल्डी पुर्ने लगायतका काम गरिदै आइएको छ ।

*पर्यटन तथा संस्कृति प्रवर्धन*

१९.स्थानीय संस्कृतिको प्रवर्धनका लागि तुलसी महिला नौमती बाजा समूह गठन गरी सञ्चालनमा ल्याइएको छ ।

२०.तुलसीपुरका प्रमुख पर्यटकीय स्थलहरुको पहिचान र प्रवर्धनका लागि पर्यटन वृत्तचित्र तयार गरिएको छ ।

२१.साहसिक खेलका लागि पालिकाबाट प्रसार प्रचारका काम हुँदै आएका छन् ।

२२.विभिन्न मठमन्दिरहरुको मर्मत सम्भारका साथै मूर्ति कुदनका लागि आवश्यक वस्तु प्रदान गरिएको छ ।

२३.वडा नं ९ मा रहेको पार्कको व्यवस्थापन तथा सौन्दर्यकरण गरिएको छ ।

*सरसफाई तथा फोहोरमैला व्यवस्थापन*

२४.फोहोरबाट मोहर बनाउने अभियान अन्तर्गत कुहिने फोहोर सङ्कलन तथा प्रशोधन गरी तुलसी प्राङ्गारिक मल उत्पादन गरिएको छ।नकुहिने प्लास्टिकजन्य फोहोरबाट विभिन्न उपयोगी सामग्रीहरु उत्पादन गरिएको छ ।

२५.कुहिने फोहोरबाट दैनिक एक सय केजी मल उत्पादन भइरहेको छ ।

२६.सरकारी, निजी र साझेदारी विकासको अवधारणा अनुरुप निजी क्षेत्रको सहकार्यमा बधशालाबाट उत्पादन हुने फोहोरबाट बायो ग्यास उत्पादन हुँदै आएको छ ।

*प्रशासन तथा जनशक्ति व्यवस्थापन*

२७.विद्युतीय शासन प्रवर्द्धनका लागि सबै वडा कार्यालयबाट प्रयोग हुने गरी ई-सिफारिस कार्यान्वयन वडा नम्बर ६ बाट सुरु गरिएको छ ।

*ऐन कानुन निर्माण*

२८.आर्थिक ऐन विनियोजन ऐन खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी ऐन निर्माण गरिएको छ भने पर्यटन विकास कार्यविधि,कर्मचारी व्यवस्थापन मापदण्ड, किसान क्रेडिट कार्ड वितरण कार्यविधि, एकीकृत डाटा व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि,नगरस्तरीय फोहोरमैला व्यवस्थापन, सेवा शुल्क तथा दण्ड जरिवाना सम्बन्धी कार्यविधि निर्माण गरिएको छ ।

*कृषि सेवा/पशु शेवा*

२९.किसान सूचीकरण कार्यक्रम अन्तर्गत यस आ.व.मा वडा नं. १ मा १२५२ घरधुरी सूचीकरण गरिएको छ ।

३०.जिओ कृषि कार्यक्रमअन्तर्गत २८०० कृषकलाई आबद्ध गरिएको छ। साथै तुलसीपुर तरकारी तथा फलफूल बजारमा डिजिटल मूल्यसूचि राखिएको छ ।

३१.माटो शिविर सञ्चालन गरी ४१० घरधुरी कृषकहरुको खेतबारीको माटोको नमुना लिई माटो जाँच गरिएको छ।

३२.वडा नं.१८ र त्यस वरपर रहेका सामुदायिक कुकुरहरुको सामूहिक बन्ध्याकरण शिविर सञ्चालन गरिएको छ ।

३३.यस उपमहानगरपालिकाभित्र भएका पशु चौपायाहरुमा निशुल्क खोप कार्यक्रम सञ्चालन गरिएको छ ।

## *विपद् व्यवस्थापन*

३४.आपतकालिन कार्य सञ्चालन केन्द्रको स्थापना गरी खोज, उद्धार, तथा राहत कार्यलाई थप व्यवस्थित गर्दै विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रयास गरिएको छ ।

३५.वडा नं. १४ को डबकपुर र वडा नं. १२ को कचिलाको बबई नदी नियन्त्रण तथा जग्गा कटान रोकथामका लागि २२५ मिटर तटबन्धनको कार्य सम्पन्न भएको छ जसबाट त्यहाँको बस्ती जोगिएको छ

३६.पहिरोबाट क्षति भएका घरमा जस्तापाताको व्यवस्था गरिएको छ ।

३७.सर्पको उद्धार एवम् संरक्षण तथा सर्पदंशबाट हुने क्षतिलाई कम गरिएको छ ।

## *शिक्षा यूवा तथा खेलकुद*

३८.विगतदेखि नै तुलसीपुर गौरवको रुपमा सम्बन्धित तहको तहगत रुपमा दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन गरिएको छ ।

३९.समयसापेक्ष ज्ञान तथा प्रविधि मैत्री विद्यालय बनाउन विभिन्न किसिमका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएको छ।साथै स्थानीय पाठ्यपुस्तक तयार गरी विद्यार्थी र विद्यालयमा पुर्याइएको छ ।

४०.नगर स्थापना कालदेखि नै दर्ता तथा नवीकरण नभएका संस्थागत विद्यालयहरु दर्ता तथा नवीकरण गरिएको छ ।

४१.प्र.अ, शिक्षक र वि.व्य.स. को क्षमता विकासका लागि उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिएको छ ।

४२.नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरी जिल्लास्तरमा दोस्रो स्थान हासिल गर्न सफल भएको छ ।

४३.विभिन्न वडाहरुमा वडास्तरीय खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिएको छ ।

४४.विद्यालयमा रहेको प्रतिभाको प्रस्फुटन गर्ने नगरस्तरीय बृहत सिकाई मेला आयोजना गरिएको छ ।

४५. स्थानीय पाठ्यपुस्तक प्रकाशन गरी जिल्लामै  पाठ्यपुस्तक पुर्याउने पहिलो पालिका रहेको छ ।

४६.संस्थागत विद्यालयहरुमा छात्रवृत्ति कार्यान्वयनमा ल्याइएको छ ।

४७.राष्ट्रिय एवम् प्रदेशस्तरी खेलकुद प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याउने खेलाडीहरुलाई सम्मान एवम् पुरस्कृत गरिएको छ।

***<u>महिला बालबालिका तथा सामाजिक विकास</u>***

४८.उपमेयर महिला सुरक्षा आवास गृहमा यस आ.व.मा हिंसाको प्रभावमा परेका जम्मा २०जनाले खाना,बाससहित स्वास्थ्य उपचार,मनोसामाजिक परामर्श,कानुनी सहयोग र पारिवारिक पुर्नमिलनको सेवा प्रदान गरिएको छ ।

४९.हालसम्म जम्मा १४५९ जनाले विभिन्न प्रकारका अपाङ्गता परिचय पत्र प्राप्त गरेका छन् भने ६० वर्ष उमेर पुरा भएका जम्मा ६७८४ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ ।

५०.स्मार्ट छोरी कार्यक्रमअन्तर्गत १०४६ छोरीको खातामा रकम जम्मा गरिएको छ ।

५१.मानव सेवा आश्रमका लागि जग्गा व्यवस्थापनका साथै भवन निर्माणको प्रक्रिया सुरु भएको छ ।

***<u>जनस्वास्थ्य प्रवर्द्धन</u>***

५२.नगरका सबै वडा बस्तिहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रमार्फत् मौलिक हक प्रदत्त आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गरिएको छ ।

५३.पूर्ण खोप घोषणाको अभियानलाई निरन्तरता दिइएको छ ।

५४.बर्थिङ सेन्टरमार्फत् २४ सै घण्टा सुरक्षित प्रसुती सेवा सञ्चालन गरिएको छ ।

५५. नगरका विकट बस्तिहरुमा ग्रामीण अल्ट्रासाउण्ड सेवाको सुरुवात् गरिएको छ ।

५६.विशेषज्ञ बृहत स्वास्थ्य शिविरमार्फत चालु आ.वमा ५०५ जना जेष्ठ नागरिकलाई सेवा दिइएको छ ।

५७.नगरका विकट गाँउटोलसम्म शिविर सञ्चालन गरी १५३२ जना महिलाहरुको पाठेघरको क्यान्सर स्क्रिनिङ गरिएको छ ।

५८.अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत फिजियोथेरापी सेवा सञ्चालन गरिएको छ ।

५९.अपाङ्गता भएका व्यक्तिलाई सहायता सामग्री सहयोगका लागि ७९ जना अपांङ्गता भएका व्यक्तिको स्वास्थ्य जाँच (स्क्रिनिङ)गरिएको छ ।

६०.आँखाको निशुल्क शल्यक्रियाका लागि ५८४ जना ज्येष्ठ नागरिकलाई सिफारिस गरिएको छ ।

६१.तुलसीपुर भीमसेन मेट्रो अस्पतालमा विशेषज्ञमार्फत् आधारभूत सर्जरी सेवाको तयारी गरिएको छ ।

६२.यातायात मजदुर केन्द्रित “स्वास्थ्य चालक सुरक्षित यात्रा” स्वास्थ्य सेवा सञ्चालन गरिएको छ ।

६३.नसर्ने रोगका विरुद्धमा जनस्वास्थ्य प्रर्वधनात्मक सेवाहरु सञ्चालन गरिएको छ ।

६४. हेमोफेलिया रोग लागेका बिरामीहरुलाई यातायातबापतको रकम उपलब्ध गराउँदै आइएको छ ।

६५.मृगौला र क्यान्सरलगायत जटिल प्रकारका रोगको उपचार गर्न जानका लागि नगरवासीलाई यातायात बापतको रकम उपलब्ध उपलब्ध गराइएको छ भने विपन्न नागरिकहरुलाई उपचार गर्न जान आउनका लागि निशुल्करुपमा एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ ।

**नगरसभाका सदस्यज्यूहरू,**

अब म, यस सम्मानित सभा समक्ष आगामी आ.व २०८१/०८२ को नीति तथा कार्यक्रमका मार्ग निर्देशक सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१.उपमहानगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक योजनाको समयावधि आ.व.२०८१/०८२ मा सकिने भएकाले आगामी आ.व.भित्र स्थानीय विशेषतामा आधारित दोस्रो आवधिक योजना तर्जुमा गरिनेछ ।

२.उपमहानगरपालिकाले यस बर्षदेखि मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ । आगामी आ.व.को लागि पनि आवधिक योजनाले राखेका लक्ष्य, उद्देश्य र प्राथमिकतामा आधारित भई मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३.आयोजना बैङ्कको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।यसका लागि सम्भाव्य आयोजनाको पहिचान, विश्लेषण र सूचीकरण सम्बन्धी प्रक्रियागत व्यवस्थाहरू बारे सरोकारवालाहरुसँग छलफल गरी बुझाइमा एकरूपता कायम गरिनेछ ।

४.वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियालाई सहभागितामूलक र प्राथमिकता प्राप्तआयोजना तथा कार्यक्रम छनोटमा केन्द्रित गर्ने गरी उपलब्ध स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

५.उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष देखि आयोजना, कार्यक्रम तथा क्रियाकलाप छनोट गर्दा हरित, उत्थानशील तथा समावेशी विकास अवधारणालाई आधार लिने र योजना तथा बजेट तर्जुमा सम्बन्धी क्यालेन्डर तयार गरी कार्यान्वयन गरिनेछ ।

६.उपमहानगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा संस्थागत क्षमताको विकास गर्दै लगिनेछ ।

७.उपमहानगरपालिकाको आन्तरिक स्रोत अभिवृद्धि गर्दै स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना, खरिद योजना र आयोजना सुपरिवेक्षण तथा अनुगमन प्रणाली थप प्रभावकारी बनाई वित्तीय सुशासनलाई थप सुदृढ बनाइनेछ ।

अब म तुलसीपुर उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि तय गरेका क्षेत्रगत नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## आर्थिक विकास

### *कृषि सेवा*

१. चार ज जनता, जमिन ,जलस्रोत र जनजीविकोपार्जन कार्यक्रमलाई अघि बढाइनेछ ।
२. घुम्ती कृषि एम्बुलेन्स सञ्चालन गरिनेछ ।
३. बिउ प्रवर्द्धन कार्यक्रम मार्फत तोरी, च्याउ, र मकैंको बिउमा ५० प्रतिशत अनुदानमा उन्नत बिउ उपलब्ध गराइनेछ ।
४. नवीनतम प्रविधिमा स्थलगत तालिम सञ्चालन गरी कृषकहरुको क्षमता विकास गरी उत्पादन लागत कम गर्ने प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
५. विपन्न महिला, सिमान्तकृत वर्ग, हिंसा प्रभावित, द्वन्द प्रभावित तथा अपाङ्गता भएका व्यक्तिका लागि मागमा आधारित आयआर्जन सम्बन्धी कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।
६. कृषकको कृषि पेशामा सम्मान तथा प्रवर्द्धन गर्न धान दिवस तथा रोपाई महोत्सव मनाइनेछ ।
७. कृषि प्रविधि र सूचनामा विस्तार गर्ने ***जी ओ कृषि*** प्रविधिलाई निरन्तरता दिईनेछ ।
८. साना किसानलाई कृषि प्रविधिमा अनुदान दिनुका साथै कृषि उपजको उचित बजार व्यवस्थापन गरिनेछ ।
९. रासायनिक मलको सहज वितरण, प्रयोग तथा व्यवस्थापन गरी कृषकहरुलाई अनुदानको मलमा पहुँचमा वृद्धि गरिनेछ ।
१०. दातृ निकासको सहयोगमा ***जी टु जी*** कार्यक्रममार्फत बेमौसमी तरकारी, बसन्ते मकैं र बिउ उत्पादन कार्यक्रमहरु पकेट प्याकेज कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।
११. बगैंचा बिस्तार गर्न एक घर एक बगैंचा कार्यक्रमअन्तर्गत प्रत्येक घरमा फलफूलका बिरुवा निशुल्करुपमा उपलब्ध गराइनेछ ।
१२. पुष्प तथा फलफूल खेती बिस्तार तथा उत्पादनमा आवश्यक सहयोग गरिनेछ ।
१३. नगरभित्र उत्पादन भएका रैथाने बाली तरकारी च्याउ, मह ,सयपत्री फूलको समर्थन मूल्य तोकिनेछ र सहकारी तथा बजार समिति मार्फत खरिद गर्ने व्यवस्था गरिनेछ बिक्री नभएको अवस्थामा उत्पादित वस्तु खरिद गरी न्यूनतम मूल्य उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
१४. किसानसँगको साझेदारीमा जैविक गाँउ खेती प्रवर्धन गरिनेछ साथै अर्ग्यानिक कृषि जन्यवस्तुको बिक्री वितरणका लागि प्रक्रिया अगाडि बढाइनेछ ।
१५. पालिकाभित्र उत्पादन भएका अर्ग्यानिक वस्तुको बिक्री वितरणका लागि विशेष व्यवस्था गरिनेछ।
१६. फलफूल तथा तरकारीमा अत्याधिक विषादी प्रयोगलाई निरुत्साहित गर्नका लागि परीक्षणका लागि संघीय सरकार ,प्रदेश संघ सरकारको समन्वयमा आवश्यक व्यवस्था गरिनेछ ।

### *पशु सेवा*

१७. प्रभावकारी पशु स्वास्थ्य सेवाका लागि निःशुल्क डिस्पेन्सरी एवं प्रयोगशाला सेवा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१८. ग्रामीण भेगका कृषकहरुका लागि पशु स्वास्थ्य सेवा उपलब्ध गराउनका निम्ति सबै वडाहरुमा घुम्ति पशु स्वास्थ्य शिविर सञ्चालनमा ल्याइनेछ ।

१९. पशुपन्छीहरुमा हुने महामारीजन्य रोगहरु नियन्त्रणका लागि (पि.पि.आर, खोरेत तथा स्वाइनफिवर) रोगको विरुद्धमा सामुहिक निशुल्क खोप कार्यक्रम फ्री मास भ्याक्सिनेसन कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

२०. पशुपालनमा प्रति ईकाइ लागत घटाई पशुपालन ब्यावसायलाई मूनाफामूलक बनाउनका निम्ति घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्न निशुल्क घाँसको बिउ बितरण गरिने छ ।

२१. व्यावसायिक पशुपन्छी पालन कृषकहरुको फार्ममै पुगि प्राविधिक सेवा उपलब्ध गराउनका लागि डोर टु डोर कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

२२. पशुहरुको नश्ल सुधारमार्फत् उत्पादन एवं उत्पादकत्व बढाउनको निम्ति नश्ल सुधार कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२३. जुनोटिक रोग नियन्त्रणका लागि वर्षभरि नै रेबिज रोगको विरुद्धमा निशुल्क खोप कार्यक्रम सञ्चालन गरिनुका साथै सामुदायिक कुकुरहरुका लागि निशुल्क बन्ध्याकरण शिविर सञ्चालन गरिने छ ।

## *उद्योग व्यवसाय, श्रम, रोजगारी तथा गरिबी निवारण*

२४. उद्यमशीलता मार्फत रोजगारी र उत्पादनमा वृद्धि गरी तुलसीपुरको समृद्धिको नीतिलाई आत्मसात गरी उद्यमशीलता प्रर्वद्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५. लैंगिक हिंसामा परेका समूह, अपाङ्गता भएका व्यक्ति लगायत समाजमा पिछडिएका दलित तथा एकल महिलाहरुलाई सिप विकास सम्बन्धि सीप तथा सो व्यवसायका लागि आवश्यक पर्ने प्रविधिमा पहुँच तथा हस्तान्तरण कार्यक्रम गरिने छ ।

२६. उद्योग दिवसका अवसरमा उद्योगी व्यवसायीलाई सम्मान गर्ने र उद्योग व्यापारको दायरा फराकिलो बनाउने नीति ल्याइनेछ ।

२७. तुलसीपुर उपमहानगरपालिकाभित्र सञ्चालनमा रहेका सम्पूर्ण उद्योग तथा व्यवसायलाई दर्ता प्रक्रियामा ल्याइनेछ।

२८. औद्योगिक ग्राम सञ्चालनका लागि संघ र प्रदेश सरकार एवम् संघसंस्थाहरुको सहयोग र समन्वयमा प्रक्रिया अगाडि बढाइनेछ ।

२९. सामुदायिक वनसँग समन्वय गरी वन उद्यमशीलताका कार्यक्रम अगाडि बढाइनेछ ।साथै स्टार्ट अप बिजनेस कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. उद्योग तथा व्यवसाय सम्बन्धि ऐन नियमहरुको समय सापेक्ष निर्माण तथा पुनरावलोकन गरिनेछ ।

३१. आधुनिक बधशाला निर्माणका लागि छिमेकी पालिका, प्रदेश ,संघ सरकार र अन्य संघसंस्थाको सहयोग समन्वयमा गरिनेछ ।

## *सहकारी तथा रोजगार प्रवर्द्धन*

३२. "***सबल सहकारी, बढाउने छ रोजगारी***" अभियानसँग जोडी सहकारी संघ/संस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरणका लागि प्रोत्साहन गरिनेछ ।

३३. एक सहकारी एक उत्पादन मार्फत् स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

३४. सहकारी संस्थाहरुको मर्जरलाई प्रोत्साहन गर्दै लामो समयदेखि निष्क्रिय एवं समस्याग्रस्त संस्था खारेजी गरिनेछ ।

३५. बेरोजगार रणनीतिक योजना तयार गरिनेछ ।

३६. "***प्रधानमन्त्री रोजगार कार्यक्रम***" लाई ठूला आयोजनासँग जोडी उपभोक्तासमिति मार्फत गरिने योजना कार्यक्रममा हेभी इक्विपमेण्टको प्रयोग नगरी श्रमिकद्वारा काम गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

३७. हिंसा पीडित, द्वन्द पीडित विपन्न, एकल महिलाहरुलाई विशेष प्राथमिकतामा राखी रोजगारी प्रदान, अति गरिब परिवार पहिचान र त्यस्ता परिवारको जीविकोपार्जनका लागि तत्कालीन एवं दीर्घकालीन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र प्रतिष्ठित बनाउन समुदायस्तरमा वैदेशिक रोजगार सम्बन्धी नागरिक सचेतना, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३९. वैदेशिक रोजगारसँग सरोकार राख्ने निकायसँगको समन्वयमा वैदेशिक रोजगारीको सिलसिलामा सिकेका ज्ञान सिप र क्षमता प्रयोग गरी स्थानीयस्तरमै रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

४०. पुनः श्रम स्वीकृतिको कामलाई निरन्तरता दिइनेछ ।

४१. वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा उनका परिवारका सदस्यलाई आर्थिक सहायताको कामलाई निरन्तरता दिइनेछ ।

४२. वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित र मर्यादित तुल्याउनका लागि सुरक्षित आप्रवासन कार्यक्रमसँग लागत साझेदारी गरी निरन्तरता दिइनेछ ।

## *पर्यटन तथा संस्कृति प्रवर्धन*

४३. पर्यटन विकास गुरु योजना निर्माण गरी पर्यटकीय क्षेत्रको विकास गरिने छ ।

४४. होमस्टेको व्यवस्थापन, तालिम, अनुदान, अनुगमनका कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।

४५. रैथाने खाना, स्थानीय वस्तु एवम् प्रविधिको संरक्षण गरी पर्यटकीय मेला महोत्सवको व्यवस्थापनमा टेवा पुऱ्याइनेछ ।

४६. हेरौं तुलसीपुर, चिनौं तुलसीपुर कार्यक्रमको सुरुवात गरिनेछ ।

४७. स्थानीय कला संस्कृतिको संरक्षणमा जोड दिइनेछ ।

४८. तुलसी महिला नौमति बाजा समूहको समुचित ब्यवस्थापन गरिनेछ ।

४९. ताल तलैया जलाशयहरुमा सौन्दर्यकरणका साथै पर्यटकीय आकर्षण केन्द्रका रुपमा अघि बढाइनेछ।

५०. ऐतिहासिक स्थल छिल्लीकोट ,सुकौराकोट ,थर्कोटको अध्ययन अनुसन्धान गरिनेछ ।

५१. अल्ट्रा म्याराथन, प्याराग्लाइडिङ, -याफ्टिङ, बन्जी जम्प, क्यानोइङ, डाउनहिल साइक्लिङ, रक क्लाइम्बिङजस्ता साहसिक खेललाई प्रोत्साहन गरिनेछ। जलाशयहरुमा डुङ्गाको व्यवस्था गरी पर्यटक आकर्षण गरिनेछ ।

५२. टरिगाँउ विमानस्थलको स्तरोन्नतिका लागि सम्बन्धित निकायमा आवश्यक समन्वय गरिनेछ।

५३. तुलसीपुर उपमहानगरपालिका वडा नं १० मा रहेको गौरीगाँउ तालको गुरुयोजना अनुरुप स्तरोन्नति गरिनेछ।

५४. पालिकाभित्र रहेका पार्कहरुको प्रसार प्रचार तथा व्यवस्थापन गरिनेछ ।

५५. अल्पसंख्यक समुदायको भाषा तथा संस्कृतिको संरक्षण तथा संवर्द्धनको कार्यक्रम गरिने छ ।

५६. गणेश गङ्गा र सरयु गङ्गालाई धार्मिक पर्यटनसँग जोडेर पर्यटक आकर्षणको केन्द्रकारुपमा विकास गरिनेछ ।

५७. बबई करिडोरका लागि सम्भाव्यता अध्ययनको कार्यलाई प्रदेश र संघ सरकारको सहयोग समन्वयमा अगाडि बढाइनेछ ।

५८. नेपाल संस्कृत विश्वविद्यालयसँगको समन्वय र सहकार्यमा वैदिक पर्यटनसँग जोडी पूर्विय सभ्यताको प्रचार प्रसार गरिनेछ ।

५९. राजनीतिक,सामाजिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्नुहुने श्रीमणि आचार्य ,दुर्गा मजगैया,मेघबहादुर विसीको सम्मानस्वरुप पार्क,चौतारी निर्माण गरी पर्यटकीयस्थलकारुपमा विकास गरिनेछ ।

## सामाजिक विकास

### *शिक्षा,युवा तथा खेलकुद*

६०. ***बुक फ्री क्लास रुम*** *(* किताब बिहीन कक्षा )को अवधारणा अनुरुप विद्यालयमा प्रत्येक साताको एक दिन सहकार्यकलाप एवम् अतिरिक्त क्रियाकलाप अन्तर्गत सीपमुलक कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

६१. ***मेयर रिसर्च फेलोसीप*** कार्यक्रम अन्तर्गत प्रस्ताव आह्वान गरेर उपमहानगरलाई उपयोगी हुने विभिन्न विषयमा खोज तथा अनुसन्धान गर्ने कार्यलाई अवलम्बन गरिनेछ ।

६२. विद्यालयको आन्तरिक क्षमता विकास तथा परीक्षण गर्न पालिकास्तरमा अन्तर विद्यालयस्तरीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

६३. विद्यार्थीको अन्तरनिहित प्रतिभाको उजागर गर्नका लागि नगरस्तरीय ***बृहत् तुलसीपुर शैक्षिक प्रदर्शनी*** सिकाइ मेलाको आयोजना गरिनेछ ।

६४. प्रधानाध्यापकलाई विद्यालयमा नै पूर्णकालीनरुपमा कार्य सम्पादनका लागि आवासीय व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ ।

६५. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विषयगत रोष्टर शिक्षक सञ्जाल गठन गरी शैक्षिक अन्तरक्रिया एवम् शिक्षकको पेशागत विकासमा जोड दिइनेछ ।

६६. विद्यार्थीको क्षमता विकासका लागि **स्टिम *च्यालेन्ज*** प्रतियोगिता कार्यक्रम सञ्चालन गरिनेछ ।

६७. शिक्षकको पेसागत सहयोग प्रणालीको विकासका लागि मेनटरिङ र मोनिटरिङ पद्धति अवलम्बन गर्दै आन्तरिक सहायता प्रणालीलाई सबलरुपमा विकास गरिनेछ ।

६८. माध्यामिक तह पछि विद्यार्थीहरुमा सहजताका लागि करिअर काउन्सिलिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

६९. विभिन्न किसिमका अपाङ्गता भएकामध्ये (सुस्त श्रवण) र दृष्टिविहिन बालबालिकाहरूका लागि निश्चित स्थानमा आवासीय पठनपाठनको व्यवस्था मिलाइने छ ।

७०. शिक्षण सिकाइमा भएको क्षति तथा अन्य विविध कारणले सिकाइमा पछाडि परेका बालबालिकाको लागि उपचारात्मक शिक्षण पद्धति सञ्चालनका लागि चेन्जिङ स्टोरीज लगायत शिक्षा सम्बद्ध सस्थासँगको सहकार्यलाई निरन्तरता तथा विस्तार गरिनेछ ।

७१. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गर्दै वडास्तरमा अनौपचारिक शिक्षा तथा प्राविधिक सिप सिकाइको लागि सामुदायिक सिकाई केन्द्रहरूलाई जिम्मेवार बनाइनेछ ।

७२. नगरभित्र प्राविधिक शिक्षामार्फत् सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम लागू गरिनेछ ।

७३. छात्राहरूलाई महिनावारी हुँदा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने प्रवृतिलाई निरुत्साहित गर्न र छात्रा उपस्थिति दर बढाउन उपमहानगरपालिकाले निशुल्क सेनेटरी प्याड वितरण कार्यलाई यस बर्ष पनि निरन्तरता दिइनेछ र सेनेटरी प्याड डिस्पोजल मेसिन समेत उपलब्ध गराइनेछ। सबै छात्रा, छात्रहरुका लागि अलग-अलग वास सहितको अपांगमैत्री शौचालय व्यवस्थापन गरिनेछ ।

७४. विद्यालयको पढाई बिचैमा छोड्ने विद्यार्थीहरूको दरलाई न्यूनीकरण गर्न आवश्यक पूर्वाधार निर्माण गरी बालमैत्री शिक्षण पद्धतिलाई अबलम्बन गरिनेछ ।

७५. विद्यालयहरूमा अभिभावकसँग शिक्षक कार्यक्रम लागू गरिनेछ र सो को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

७६. आधारभूत तहको नतिजा उत्कृष्ट ल्याउने सामुदायिक विद्यालयहरुको गुणस्तरमा थप सुधार गर्ने विशेष कार्य सम्पादन प्रोत्साहनद्धारा पदस्थापन गरिनेछ। विद्यालयको नतिजा शून्य हुने प्र.अ. र विषयगत नतिजा शून्य हुने विषयगत शिक्षकहरुले स्वमूल्याङ्कन गरी नैतिक र सामाजिक उत्तरदायित्व एंव जवाफदेहितामा परिभाषित भूमिकामा पुनर्विचार गर्ने गराउने नीति अख्तियार गरिनेछ ।

७७. शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको मापदण्ड बनाइ उत्कृष्ट शिक्षकलाई प्रोत्साहन गरिनेछ साथै लगातार दुई शैक्षिक शत्रमा पालिकाभरको उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार प्रदान गरिनेछ ।

७८. विद्यालय शिक्षाको सुदृढीकरणका लागि विद्यालयमा तुलसीपुर उपमहानगरपालिका, जनप्रतिनिधि, नगर शिक्षा समिति, वडा कार्यालय, रोष्टर शिक्षक समूह तथा अन्य प्राज्ञिक व्यक्तित्वबाट विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण गरिने व्यवस्था मिलाइनेछ साथै सार्वजनिक विद्यालयमा मेरो एक दिन कार्यक्रम लागू गरिनेछ ।

७९. स्थानीय पाठ्यक्रमअनुरुप तयार गरिएका पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ र समयसापेक्ष रुपमा परिमार्जन गर्दै लगिनेछ ।

८०. अति विपन्न  समुदायका बालबालिकालाई विद्यालयमा पहुँच पुर्याउन पूर्ण छात्रवृतिको व्यवस्था गरिनेछ ।

८१. विद्यालय शिक्षालाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

८२. युवाहरूको प्रतिभा प्रोत्साहनका लागि मेरो उद्यम मेरो लगानी कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. बालबालिका तथा युवालाई आत्मानुशासन,जनसेवाप्रति समर्पित गर्न नगर तथा विद्यालयस्तरमा स्काउट ,जुनियर युवा सर्कल र इको क्लबको गठन गरी क्रियाशील बनाउने नीति लिइनेछ ।

८४. एकिकृत तथा बृहत शैक्षिक विकासका लागि क्षेत्रगत शैक्षिक योजना र स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई समय सापेक्ष अद्यावधिक गरिने छ ।

८५. हरित विद्यालयको लागि एक विद्यार्थी एक बिरुवा कार्यक्रमलाई अघि बढाइनेछ ।साथै विद्यालयको खाली क्षेत्रमा फलफूलका बिरुवा रोप्ने कार्यलाई अभियानकारूपमा अघि बढाइनेछ ।

८६. हरित विद्यालय अभियान, वायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ ।

८७. खेलकुदलाई प्रोत्साहन गर्न  खुला व्यायामशालाको अवधारणालाई अगाडि बढाइनेछ ।

८८. अन्तरपालिका, उपमहानगरपालिकास्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

८९. मेयरकप फुटबल, राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, विद्यालयभित्र अतिरिक्त क्रियाकलाप अन्तरगतका खेलकुदहरू, वडास्तरीय प्रतियोगिताहरू सञ्चालनमा जोड दिइनेछ ।

९०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा पदक प्राप्त गर्ने उपमहानगरपालिकाभित्रका खेलाडीहरूको अभिलेख तयार गरी उचित प्रोत्साहन प्रदान गरिनेछ। विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई खेल आधार तयार गर्नका लागि विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनमा जोड दिइनेछ ।

९१. प्राविधिक शिक्षामा छोरीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ।

*स्वास्थ्य तथा पोषण*

९२. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई सवै वडाका वस्तीहरुमा बसोबास गर्ने नागरिक तथा समुदायसम्म सहज पहुँचसुनिश्चित गरिनेछ।

९३. तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ अश्वारामा सञ्चालनमा रहेको १५ शय्याको तुलसीपुर भीमसेन मेट्रो अस्पतालमा गुणस्तरीय, सर्वसुलभ उपचारात्मक तथा निदानात्मक सेवालगायत विशेषज्ञ उपचार सेवाहरु सञ्चालनगरिनेछ। अस्पताललाई भविष्यमा आउन सक्ने महामारी तथा अन्य सरुवा रोगको जोखिमबाट नागरिकलाई सुरक्षित गर्न स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्रको रुपमा विकास गरिनेछ।

९४. तुलसीपुर भीमसेन मेट्रो अस्पताललाई नागरिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन केन्द्रका रुपमा विकास गरिनेछ।अस्पतालमा टेली मेडिसीन सेवाको विस्तार गरिनेछ ।

९५. आधारभूत आपत्कालीन प्रसूति सेवा (बर्थिङ सेन्टर) सञ्चालनमा निरन्तरता दिइनेछ ।घरमै हुने प्रसूतिलाई शून्यमा झारिनेछ ।

९६. विपन्न जेष्ठ नागरिक तथा अशक्तलाई घरदैलोमै उपचार तथा परामर्शमा प्राथमिकता दिइनेछ।

९७. राप्ती प्रादेशिक अस्पताल तथा प्रादेशिक आर्युवेद चिकित्सालयको विशिष्टिकृत सेवा सुदृढीकरणका लागि संघ तथा प्रदेश सरकार र अस्पताल विकास समितिसँग सहकार्य गरिने छ ।

९८. राप्ती प्रादेशिक अस्पतालमा आईसियु सघन कक्ष सेवा सञ्चालनका लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

९९. हरेक वडामा पाठेघरको मुखको क्यान्सर रोकथामका लागि निःशूल्क स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिने छ ।

१००.पूर्णखोप तथा पोषणमैत्री स्वास्थ्यसंस्था घोषणा अभियानलाई निरन्तरता दिइनेछ ।

१०१.**तुलसीपुर उज्यालो कार्यक्रम** अन्तर्गत निःशुल्क मोतियाबिन्दु शल्यक्रिया सेवालाई निरन्तरता दिइनेछ।

१०२. विकट बस्तीमा उपमेयर आमा बचाऔं, सुरक्षा योजनाअन्तर्गत आवासीय प्रसूति तयारी योजना, निःशुल्क गर्भवतीको लागि घुम्ती अल्ट्रासाउण्ड सेवा, नवविवाहित पहिचान तथा गर्भवती निमन्त्रणा कार्यक्रम सञ्चालन गरिने छ।

१०३.पवननगर, फूलबारी, हलवार र बिजौरी स्वास्थ्य चौकीमा विकट बस्तीका गर्भवती आमाहरुलाई आवासीय प्रसूति स्याहार सेवालाई निरन्तरता दिइनेछ ।

१०४.यातायात मजदुरलाई लक्षित गरी आधारभूत स्वास्थ्य जाँचको “स्वस्थ्य चालक, सुरक्षित यात्रा”प्याकेज कार्यक्रम निरन्तरता दिईनेछ।

१०५.स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली र नगरको आन्तरिक सूचना व्यवस्थापनको लागि सबै स्वास्थ्य संस्थाहरुमा डिजिटल रिपोर्टिङ प्रणाली लागु गरिने छ।

१०६.निजी स्वास्थ्य संस्थाहरुको सहकार्यमा परिवार नियोजना सेवा तथा निःशुल्क सुरक्षित गर्भपतन सेवा विस्तार गरिनेछ।

१०७.मौलिक चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेद तथा योगको विकासमा जोड दिइने छ।नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरी प्रतिरोधात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवामा सबै नागरिकको सहज पहुँच अभिवृद्धि गरिने छ। गाँउघरमा वैद्य तन्त्रात्मक उपचार पद्धतिका विषयमा खोज अनुसन्धान गरिनेछ ।

१०८.मेयर स्वस्थ्य मुटु अभियान सञ्चालन गरी नसर्ने रोगहरुको उपचार तथा सचेतनालाई विद्यालयस्तरदेखि लागू गरिने छ।नगरका सवै वडाहरूमा योग तथा ध्यानकेन्द्र सञ्चालन गरिने छ ।

१०९.जलवायु परिवर्तनतथा प्राकृतिक विपद्ले सिर्जना हुने मानवीय स्वास्थ्य संकट समाधान गर्न विपद् पूर्वतयारी र ब्यवस्थापनलाई प्रभावकारी बनाइने छ । वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गरिने छ।

११०.स्वस्थ किशोरी, स्वस्थ आमा यौन तथा प्रजनन स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१११.मानसिक स्वास्थ्य समस्याको रोकथामका लागि मनोपरामर्श सेवा सञ्चालन गरिने छ।

११२.प्रदेश तथा संघबाट लक्षित स्वास्थ्य कार्यक्रमलाई प्राथमिकताका साथ लागूगरिने छ

११३.बहुक्षेत्रीय पोषण तथा आपत्कालीन पोषण कार्यक्रमलाई प्राथमिकताका साथ लागूगरिने छ।

११४.संघ र प्रदेशको सहकार्यमा औषधि भण्डारण भवन तथा खोपकोल्डचेन व्यवस्थापन गरिने छ ।

११५.पालिकाको विकट समुदायमा खोपकेन्द्र भवनको निर्माण गरिने छ।

११६.सडक दूर्घटना न्यूनीकरणका लागि कम लगानीको सडक सुरक्षा योजना लागूगरिने छ। पुर्नस्थापनाका कार्यक्रम सञ्चालनका साथै सम्बन्धित समुदायको सहजीकरणमा अपाङ्गतामैत्री फिजियोथेरापी सेवाको निरन्तरता गरिनेछ। प्राथमिक उपचार सेवाको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।

११७.आधारभूत स्वास्थ्य सम्बन्धि अध्ययन अनुसन्धानका माध्यमबाट प्राप्त नतिजामा आधारित कार्यक्रम तथा योजना निर्माण गरी सञ्चालन गरिनेछ ।

११८.एच.आई.भी. एड्स रोगको प्रकोपदर घटाउन सरोकारवाला संघसंस्था तथा जोखिम समूहसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

११९.स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक गुणस्तरीय औषधि, औजार तथा उपकरणको व्यवस्था गरिनेछ ।

१२०.खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) नीति अनुसार एक घर एक धाराको लक्ष्य हासिल गर्न स्थानीय खानेपानी आयोजना तथा उपभोक्ता संस्थाहरुसँग सहकार्य गरी सुरक्षित खानेपानी व्यवस्थापन गरिनेछ।

१२१.मदिरा तथा सूर्तिजन्य पदार्थ नियमन, नियन्त्रण तथा सचेतना कार्ययोजना लागूगरिनेछ।साथै विद्यालय वरपर त्यस्ता वस्तुको बिक्री वितरणमा पूर्णरुपमा प्रतिबन्ध लगाइनेछ ।

१२२.युवापुस्ताको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्य सचेतना तथा दूर्व्यसन विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

१२३.आमाको दुध प्रतिस्थापन गर्ने वस्तुको नियन्त्रण तथा नियमन गरिनेछ।

१२४. द्वन्दपीडित महिलाहरूका लागि प्रजनन स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१२५.खुसहाल परिवार निर्माण योजना अन्तर्गत शारिरीक, मानसिक र संवेगात्मक स्वास्थ्य प्रवर्द्धन गरिनेछ ।

१२६.अग्नी जलनमा परेका नगरवासीका लागि छुट्टै उपचार कोषको व्यवस्था गरिनेछ ।

*सामाजिक समावेशीकरण*

१२७.महिलाहरुलाई आर्थिक गतिविधिमा संलग्न गराई कुल ग्राहस्थ उत्पादनमा महिलाको योगदान अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८.महिला विरुद्ध हुने सवै प्रकारका हिंसा सामाजिक विभेद शोषण कुरीती न्यूनीकरणका लागि गैर सरकारी संस्था तथा अन्य सरोकारवालाहरुको सहकार्यमा सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गरिनेछ ।

१२९.तुलसीपुर उपमहानगरपालिकालाई बालश्रम मूक्त, सडक बालबालिका र सडक मानव मुक्त नगर स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।

१३०.असहाय, अनाथ, बेवारिसे बालबालिकाहरुको संरक्षण तथा विशेष सुरक्षा प्रदान गर्न संघ प्रदेश र गैर सरकारी क्षेत्र समेतको समन्वय र सहकार्यलाई निरन्तरता दिँदै बालसंरक्षण गृहको निर्माण गरी निःशुल्क आवासको व्यवस्था गरिनेछ ।

१३१.तुलसीपुर उपमहानगरपालिकालाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री उपमहानगरको रुपमा विकास गर्न आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१३२.लैङ्गिक हिंसा प्रभावित महिला तथा बालिकाहरुको लागि उपमेयर अल्पकालिन महिला सुरक्षा आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३३.ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको कानुन प्रदत्त अधिकार र सेवा सुविधा प्रदान गराउन निरन्तर सहजीकरण गरिनेछ ।

१३४.अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्री वितरण गरी अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापन सहज बनाइनेछ ।

१३५.दलित शसक्तीकरण ऐन पूर्णरुपमा कार्यान्वयनका लागि छुवाछुत मुक्त पालिका घोषणाका लागि कार्यक्रम अगाडि बढाइनेछ ।

१३६. बिहेवारी २० वर्षपारि स्मार्ट छोरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

*सामाजिक सुरक्षा तथा पञ्जीकरण*

१३७. सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६ तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ बमोजिम व्यवस्थित, चुस्त, दुरुस्त बनाइनेछ ।

१३८. सामाजिक सुरक्षा भत्ताअन्तर्गत पूर्ण अपाङ्गता भएका तथा हिड्डुल गर्न नसक्ने अति अशक्त ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्राप्ति सहज बनाउन वडा कार्यालय र सेवा प्रदायक बैंकको समझदारीमा पायक पर्ने स्थान वा घरदैलोमा भत्ता प्राप्त गर्ने गरी आवश्यक पहल गरिनेछ ।

## पूर्वाधार विकास

***सडक, पुल , यातायात र खानेपानी***

१३९. तुलसीपुर उपमहानगरपालिकाबाट निर्माण हुने सडकहरु व्यवस्थित र दिगो राख्नको लागि अस्फाल्ट कन्क्रिट कालोपत्रे गरिने छ ।

१४०. वातावरण संरक्षण तथा हरियाली बढाउनको लागि सडकका दुबै किनारामा वृक्षरोपण तथा सौन्दर्यकरण बिरुवा रोपण तथा रोड सेफ्टीको लागि रोड मार्किङ गरिने छ ।

१४१. बजार क्षेत्रमा सवारी चाप तथा दूर्घटना न्युनीकरणका लागि भित्रि चक्रपथको स्तरउन्नति गरी *हेवी* सवारी-साधनलाई *बाइपास*को व्यवस्था गरिने छ ।

१४२. तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा ईलेक्ट्रिक नगर बस सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

१४३. बजार क्षेत्रभित्रका सडकहरुको ***डिपिआर*** अनुसारको स्मार्ट रोड निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।साथै अपाङ्गमैत्री सडक पूर्वाधार निर्माणमा प्राथमिकता दिइने छ ।

१४४. लाभग्राही समुदायको लागत साझेदारीमा सम्बन्धित टोल विकास समितिको समन्वयमा सडक मर्मत सम्भार र निर्माण गरिनेछ ।

१४५. नगरको बाहिरी चक्रपथलाई छिमेकी पालिकाको साझेदारीमा अन्तरपालिका चक्रपथ निर्माणको अवधारणालाई अगाडि बढाइनेछ।

१४६. तुलसीपुर उपमहानगरपालिकाभित्र निर्माण गरिने सबै सडकहरुलाई शहरी सडक र ग्रामीण सडक वर्गीकरण सहितलगतकट्टा गरी सडक यातायात गुरुयोजना अद्यावधिक गरिनेछ ।

१४७. नगरका दुर्गम वडाका विकट बस्तीमा सडकको ट्र्याक खोलिने छ ।

१४८. पुल बक्स पुल कल्भर्ट निर्माण गरी नगरवासीलाई यात्रामा सहज तुल्याइनेछ ।

१४९. खानेपानी स्वच्छता सम्बन्धी ऐन कार्यान्वयनमा ल्याइनेछ ।

१५०. पालिकाभित्रको खानेपानी*, सिचाईका स्रोतहरुको विषयमा संघ प्रदेश सरकार तथा अन्य संघ संस्थाको सहकार्य समन्वयमा सम्भाव्यता अध्ययनको कामलाई अगाडि बढाइनेछ ।*

*आवास,भूउपयोग, बस्ती विकास तथा वैकल्पिक उर्जा*

१५१.शहरीकरण ब्यापकरुपमा बढिरहेको र जमिनको सिमितता भएकोले जमिनको एकीकरण गरी बस्ती विकास गर्न प्रोत्साहित गरिनेछ।जग्गा एकीकरण गर्न र जथाभावि भईरहेको जग्गाको खण्डीकरणलाई ब्यवस्थित गर्न उपमहानगरपालिकाले भूमि ब्यवस्थापन सम्बन्धि कार्यविधि निर्माणगरी लागु गरिनेछ।

१५२.नगरक्षेत्र भित्री आधुनिक बस्ती स्थापनाको लागि ल्याण्ड पुलिङको सम्भाव्यता अध्ययन गरी कार्यथालनी गरिनेछ ।

१५३.पुराना बस्ती भएका ठाउँहरुमा शहरलाई सुन्दर तथा जनतालाई सम्बृद्ध बनाउन हाउस पुलिङ गरी विकास गर्न प्रोत्साहित गरिनेछ।

१५४.ब्यवस्थित शहर निर्माणको आधार तयार गर्न भवन योजना तथा निर्माण मापदण्ड समयानुकूल अद्यावधिक गरिनेछ।बजारक्षेत्रमा पार्किङ्गलाई व्यवस्थित गर्नका लागि शहरी क्षेत्रमा निर्माण हुने व्यापारिक भवनहरुमा अनिवार्य बेसमेन्ट पार्किङको नीति अख्तियार गरिनेछ ।

१५५.तुलसीपुर उपमहानगरपालिकाको बजार व्यवस्थापनका लागि ढल निकासको उचित व्यवस्थापन गरिनेछ ।

१५६.पालिकामा बनिसकेका भवनहरुलाई प्रबलीकरण गरी तला थपको निर्माणको अनुमति दिने ब्यवस्था मिलाइनेछ।

१५७.तुलसीपुर उपमहानगरपालिकामा पर्यटक आकर्षण, रोजगारी सिर्जना गर्ने तथा उत्पादन मुलक उद्योग व्यवसायलाई जग्गा करार सम्झौता गरी बनाइने भवनहरुलाई भवन निर्माण अनुमति दिने ब्यवस्था मिलाइनेछ।

१५८.सुरक्षित घरका लागि नयाँ बन्ने घरहरूलाई नक्सापासको मापदण्ड भित्र ल्याइनेछ ।नक्सापास नगरी घरबनाउने कार्यलाई निरुत्साहित गरिनेछ।नक्सापास नगर्ने घरधनीलाई तुलसीपुर उपमहानगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा साथै विद्युत खानेपानीलगायतका सिफारिस समेत कटौति गरिनेछ ।

१५९. घ वर्गका घरहरूलाई नक्सापास प्रक्रियामा ल्याउन उपमहानगरपालिकाबाटै निशुल्क नक्सा प्रोटोटाइप डिजाइन नमुना उपलब्ध गराइनेछ । अस्थायी निर्माण गरिने संरचनाहरूलाई पनि न्यूनदरमा नक्सा पासको दायरामा ल्याइनेछ ।

१६०.भवन नक्सा पास प्रक्रियामा अवलम्बन गरिएको विद्युतीय प्रणालीलाई निरन्तरता दिइनेछ । साथै पुराना मिसिलहरूलाई अनलाइन प्रक्रियामा अद्यावधिक गरिनेछ ।

१६१.तुलसीपुरमा नयाँ निर्माण, मर्मत सम्भार वा प्रबलीकरण गरिने भवनहरूमा विपद जोखिम न्यूनीकरण तथा जलवायू अनुकुल डिजाइनलाई प्रोत्साहन गर्न र उर्जा प्रभावकारिता सुनिश्चित गर्न नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारी, दर्तावाला डिजाइनर तथा अन्य सम्बन्धित लघु,साना तथा मध्यम व्यावसायीहरूको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६२.जलवायू अनुकूल डिजाइनलाई प्रोत्साहन गर्न र भवनलाई उर्जा प्रभावकारी बनाउने विषयमा सूचना प्रविधिको प्रयोग गरी प्रचारप्रसार गर्नुको साथै वडा तथा टोलस्तरमा भेला आयोजना गरी सचेतना अभिवृद्धि गरिनेछ ।

१६३.शहर र आवासीय क्षेत्रमा सडक बत्ति र सिसि क्यामरा जडान गरी उज्यालो तुलसीपुर र सुरक्षित तुलसीपुर बनाइनेछ ।

१६४.सौर्य उर्जामा आधारित सिचाई प्रविधिको विकास गरिनेछ।

१६५.नदीजन्य प्रकोप नियन्त्रणका लागि आवश्यक तटबन्ध निर्माण गरिनेछ।

### *वन,वातावरण तथा विपद् व्यवस्थापन*

१६६.विपद् जोखिम व्यवस्थापनका लागि नीतिगत एवं संस्थागत निर्माण तथा सुदृढीकरण कार्यलाई निरन्तरता दिइने नीति अवलम्बन गरिने छ।

१६७.तुलसीपुर आपत्कालिन कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनका गर्नको लागि मानव संसाधन तथा उपकरणको व्यवस्थापन गरिनेछ ।

१६८.एकिकृत सूचना प्रणाली (विपद् पोर्टल)लाई व्यवस्थित गरी आपत्कालिन सूचना संयन्त्रको निर्माण तथा पूर्व सूचना प्रणालीको सुदृढीकरण गरिनेछ।

१६९.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सार्वजनिक, नीजि, गैरसरकारी, सहकारी छिमेकी पालिकाहरु, संघसंस्थाहरु र समुदायबीचको साझेदारी एवं सहकार्यलाई प्रवर्द्धन गरिने छ।

१७०.तुलसीपुर उपमहानगरपालिकाको विपद जोखिम न्यूनीकरण नीति, २०२० विपद जोखिम न्यूनीकरण कार्ययोजना २०२०-२०३० र जोखिम संवेदनशील भू-उपयोग योजनाले निर्दिष्ट गरेबमोजिमका नीति तथा कार्य योजनाहरुको कार्यान्वयन गर्न गराउन प्रयास गरिनेछ ।

१७१.वातावरणमैत्री स्थानीय शासनका पूर्वाधारहरु पूरा गरी वातावरणमैत्री टोल, वडा/नगर बनाउने नीति तथा कार्यको थालनी गरिनेछ साथै वातावरणीय प्रदूषण नियन्त्रण कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१७२.वडास्तरीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१७३.विपद् जोखिम न्यूनीकरणका लागि विपद् पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयनका लागि प्रदेश, संघ तथा अन्य साझेदारी संघ संस्थाहरुसँग समन्वय गरिनेछ ।

१७४.विपदबाट हुने धनजनको क्षतिको परिपूर्तिका लागि बिमा अभियानलाई आम जनसमुदाय सक्षम पुर्याउने नीति लिइनेछ ।

१७५.व्यवसायिक भवन, गोदाम घर एवं आवासीय भवनहरुको साथै वनमा लाग्ने आगलागी जोखिम न्यूनीकरणका लागि नीजि क्षेत्र तथा सामुदायिक वनहरुको सहकार्यमा आवश्यक उपकरण सहित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७६.विपद् पूर्व तयारी तथा उद्धार र राहत सामाग्रीको भण्डारण, वितरण र समन्वयलाई प्रभावकारी बनाइनेछ ।

१७७.आगलागी नियन्त्रणको लागि हाल भएको बारुणयन्त्र (दमकल) लाई नियमित मर्मत सम्भार गरी २४ सै घण्टा सेवा दिने व्यवस्था मिलाइनेछ र थप एक प्रविधियुक्त बारुणयन्त्रको लागि व्यवस्थापन गरिनेछ।

१७८.विपद् तथा जोखिममा परेका महिला, बालबालिका, अपाङ्ग तथा अशक्त, जेष्ठ नागरिकहरुलाई खोज, उद्धार तथा राहात सामग्रीको वितरणमा प्राथमिकता दिइनेछ।

१७९.सबै वडा, विद्यालय, टोल विकास संस्था र नगरस्तरमा विपद् प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१८०.विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, खोज तथा उद्धार, प्रतिकार्य, राहत, पुनर्लाभ जस्ता कार्यलाई सहज तुल्याउन विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१८१.तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन, नीजि वन, धार्मिक वनलगायत सम्पूर्ण वनहरुको लगत संकलन गरी उद्दमशिलतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

१८२.नगरस्तरीय उर्जा योजना निर्माण गरी क्रमिक रुपमा स्वच्छ उर्जामा आधारित परियोजना सञ्चालन गरिनेछ। सामुदायिक वनहरुमा क्रमिक रुपमा वन पैदावार र वन्यजन्तु संरक्षण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१८३.सार्वजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण सौन्दर्यकरण गर्ने कार्यलाई निरन्तरता दिई रुख रोपौं वातावरण जोगाँऔं अभियान सञ्चालन गरिनेछ ।

१८४.बचाऔं मुहान जोगाऔं जीवन कार्यक्रम सुरुवात् गरिनेछ ।

१८५.बनाऔं चौतारी जोगाऔं छहारी कार्यक्रम सुरुवात् गरिनेछ ।

१८६.जहाँ वर पिपल त्यहाँ शीतल कार्यक्रममार्फत् सामुदायिक वन , समुदाय र अन्य संघसंस्थाको समन्वय र सहकार्यमा एक हजार वर पिपलका बिरुवा रोपण गरिनेछ ।

१८७.जैविक विविधता संरक्षणअन्तर्गत सर्प संरक्षण उद्धार एवम् सर्पदंशबाट हुने क्षतिलाई रोक्ने कार्यक्रम ल्याइनेछ ।

१८८.प्रदेश र संघ सरकारसँगको समन्वय र सहकार्यमा जलाशय ,पोखरीको निर्माण र मुहान संरक्षण निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

*फोहोरमैला व्यवस्थापन तथा सरसफाई*

१८९.नगरको फोहोरलाई दीर्घकालीनरुपमा व्यवस्थापन गर्नको लागि स्थायी ल्याण्डफिल साईटको व्यवस्था गर्न गरिनेछ ।

१९०.नगरको फोहोरलाई व्यवस्थित गर्न अस्थायी ल्याण्डफिल साईटलाई तारजाली, ढल निकास सहित थप व्यवस्थित गरिनेछ ।

१९१.नगरमा बन्दै गरेका भवनहरुले घर निर्माण सम्पन्नताको प्रमाणपत्र दिंदा सम्बन्धित घरधनीले निर्माण स्थल वरपर प्रयोग भई बाँकी रहेका निर्माण सामग्री, नाला तथा बाटोको पूर्णरुपमा सरसफाई गरेमा मात्र घर निर्माण सम्पन्नताको प्रमाणपत्र उपलव्ध गराउने नीति लिइनेछ ।

१९२.गल्ने, नगल्ने र शिशाजन्य फोहोरको छुट्टाछुटै व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

१९३.फोहोरलाई मोहरमा परिणत गर्न रिफ्युज, *रिडियुस , रियुज , र रिसाइकल चार आर*को अवधारण अवलम्बन गरि नगरको फोहोरको दिगो व्यवस्थापन गरिने नीति लिइनेछ।

१९४.नगरको सरसफाई कार्यका लागि सरसफाई शुल्क, हर्जाना र दण्ड जरिवाना अनिवार्य रुपमा लिई सरसफाई कार्यलाई व्यवस्थित गरिने नीति अवलम्बन गरिनेछ ।

१९५.तुलसीपुर उपमहानगरपालिकाको सौन्दर्यकरणका लागि आवश्यक कार्य गरिनेछ ।

१९६.फोहोर व्यवस्थापनको लागि उपमहानगरपालिका, सम्बन्धित वडा र टोल विकास संस्था बीचमा सहकार्य र समन्वय गरि फोहोर व्यवस्थापनलाई थप प्रभावकारी गराइनेछ।

१९७.नगरको सरसफाई क्षेत्रमा खटिने जनशक्तिको लागि स्वास्थ्य बिमा तथा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।

१९८.बेवारिसे मानिसको लास र मरेका पशु चौपायाहरुको तत्काल व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९९. जहाँ फोहोर, कमाऔं मोहोर कार्यक्रम सञ्चालन गरिनेछ ।

२००. ढलजन्य फोहोरको दीर्घकालीनरुपमा व्यवस्थापनका लागि समन्वय सहकार्यमा सम्भावयता अध्ययनको काम अगाडि बढाइनेछ ।

*संस्थागत विकास तथा सुशासन*

२०१.सार्वजनिक सेवालाई शीघ्र, पारदर्शी, सेवाग्राही मैत्री तथा नतिजामूलक बनाई सार्वजनिक सेवामा सबैको समान र सहजपहुँच सुनिश्चित गरिनेछ ।

२०२. कर्मचारी प्रशासनलाई सक्षम, सुदृढ, सेवामूलक, प्रतिस्पर्धी, उत्तरदायी, छिटोछरितो र नतिजा मूलक बनाउँदै कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्था मिलाइनेछ ।

२०३.उपमहानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमतामा अभिवृद्धि गरी सार्वजनिक सेवाको गुणस्तरमा सुधार गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

२०४.कार्यालयको अभिलेख व्यवस्थापनमा सुधार र सूचना विधिको प्रयोगमा विस्तार गरी संस्थागत क्षमताको अभिवृद्धि गर्न नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा विद्युतीय प्रणाली अवलम्बन गरिनेछ ।

२०५.तुलसीपुर नगर प्रहरीको पदपूर्ति तथा परिचालन गरी बजार व्यवस्थापन, नगर सुरक्षा र राजश्व संकलनमा अभिबृद्धि गरिनेछ ।

२०६.उपमहानगरमा सुशासन, पारदर्शिता, जवाफदेहिता अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सामाजिक लेखापरीक्षण, लैङ्गिक लेखाजोखा, संस्थागत स्वमूल्याङ्कन, वित्तीय सुशासन जोखिम मूल्याङ्ककन तथा तेश्रो पक्षको मूल्याङ्कन लगायतका विधिको अवलम्बन गर्ने व्यवस्था मिलाइनेछ ।

२०७.नतिजामुखि विकास र सुशासनका लागि कर्मचारीको नगरपालिकाप्रतिको बफादारिता, उत्तरदायित्व तथा जवाफदेहिता संवेदनशीलरुपमा ग्रहण, मनन, र व्यावहारिक कार्यान्वयनमा ल्याउन कर्मचारीको अनुशासन नियमितता, अर्थपूर्ण एंव मापनीय परिवर्तन गर्न शून्य सहनशिलताको नीति अख्तियार गरिनेछ ।

२०८.अन्तरपालिका तथा अन्तर सरकार समन्वय तथा सहकार्य प्रवर्द्धन गर्न विभिन्न स्थानीय तह तथा प्रदेश सरकारअन्तर्गतका निकायमा स्थलगत अध्ययन र अन्तरक्रिया गरी संस्थागत क्षमता सिप र अनुभव आदान प्रदान गर्दै कार्यसम्पादन स्तरमा सुदृढीकरण गर्न प्रोत्साहन गरिनेछ ।

२०९.स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको उत्प्रेरणा अभिवृद्धि र क्षमताको अत्याधिक उपयोगको लागि उचित सम्मान, पुररस्कार र प्रशंसाको नीति अवलम्बन गरिनेछ ।

२१०.तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा अवलम्बन गरिने प्रक्रिया सरलीकरण गरिनेछ ।

२११.कार्यप्रकृति मिल्ने शाखाहरुलाई एकआपसमा मर्ज गरी संगठन संरचना छरितो र व्यवहारिक बनाइनेछ ।

२१२.संघीय सरकार र प्रदेश सरकारबाट समेत कर्मचारीहरुको प्रोत्साहनका लागि व्यवस्था गरिएको पर्यटन काजको व्यवस्थालाई यस पालिकामासमेत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

### *तथ्याङ्क प्रणाली सूचना, सञ्चार र योजना तथा बजेट व्यवस्थापन*

२१३.खुल्ला सरकार, खुल्ला तथ्याङ्कको अवधारणालाई कार्यान्वयनमा लगिनेछ ।

२१४. नगरवासीको हात हातमा सरकार घर घरमा उपहार कार्यक्रम सुरुवात गरिनेछ ।

२१५.नगरबाट प्रवाह हुने सबै प्रकारका सेवालाई अनलाइन प्रविधिमा रुपान्तरण गरिदै लगिनेछ ।

२१६.सामाजिक जवाफदेहिताका औजारहरु प्रयोगमा नमूना नगरका रुपमा स्थापित गरिनेछ ।

२१७.एकिकृत तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरी अभिलेख व्यवस्थापन तथा सूचना प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

२१८.सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।

२१९.विभिन्न नीति, योजना तथा कार्यक्रम आदिको निर्माण तथा विश्लेषणको लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा सर्वेक्षणको कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

२२०.तुलसीपुर उपमहानगरपालिकाबाट प्रकाशित गरिने सूचना तथा विज्ञापनलाई एकद्धार प्रणालीद्धारा व्यवस्थित गरिनेछ ।लोककल्याणकारी सूचना तथा विज्ञापनलाई सञ्चारमाध्यमहरुको वर्गीकरणका आधारमा कार्यान्वयनमा ल्याइनेछ ।साथै फेलोसीपको समेत व्यवस्था गरिनेछ ।

२२१.तुलसीपुर उपमहानगरपालिकभित्र रही सञ्चालनमा आएका सञ्चारमाध्यमहरुका लागि आवश्यक पर्ने सामग्रीमा अनुदानको व्यवस्थापन गरिनेछ ।

२२२.टोल बस्तीमा हुने आयोजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग तथा समूदायको सहभागिता सुनिश्चित गरिनेछ ।

२२३.उपभोक्ता समिति तथा लाभग्राही समूदायबाट सञ्चालन गरिने आयोजनाहरुलाई थप प्रभावकारी बनाउन उपभोक्ता समिति तथा टोल विकास संस्थाका प्रतिनिधिहरुलाई अभिमूखीकरण गरिनेछ ।

२२४.नगर क्षेत्र भित्रका सडकहरुमा तत्काल मर्मत गर्नका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।

२२५.नगरभित्रका आयोजनाहरु सम्पन्न भए पछि सम्बन्धित टोल विकास समिति, उपभोक्ताहरुलाई आयोजना हस्तान्तरण गरी मर्मत सम्भारको जिम्मेवारी बनाइनेछ ।

२२६.संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संघ/संस्था र विकास साझेदारीसँग सहकार्य गरी सह-लगानी, समपुरक र विशेष अनुदानमा आयोजना/कार्यक्रम सञ्चालन गरिनेछ ।

२२७.नगरभित्रका ठुला गौरवका आयोजना अन्तरपालीकास्तरीय आयोजना र अन्तर वडास्तरीय आयोजना छनौट गरि साना टुक्रे आयोजना छनौट गर्ने परम्परालाई अन्त्य गरिनेछ ।

२२८.स्वीकृत बार्षिक बजेट अनुसार आयोजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्दा बार्षिक कार्य योजना (क्यालेण्डर) तयार गरि कार्य गरिनेछ ।

२२९.उपमहानगरपालीकाभित्रका आयोजनाहरुमा लाभग्राही समुदायको अपनत्व हुने गरि लाभग्राही समुदायको लागत साझेदारीमा निर्माण गरिने आयोजनालाई प्राथमिकता दिइनेछ ।

२३०.तुलसीपुर उपमहानगरपालिकाको योजना सञ्चालन प्रक्रियालाई विद्युतीय प्रणाली मार्फत आ.व. २०८१/०८२ देखि सफ्टवेयर मार्फत गरिनेछ ।

२३१.साइबर सुरक्षा डिजिटल प्रविधिका विषयमा विशेष कार्यक्रम ल्याइनेछ । ई सिफारिसलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ ।

*उपभोक्ता हित संरक्षण*

२३२. दैनिक उपभोग्य बस्तुको नियमित अनुगमन गरी उपभोक्ताको हित खाद्य स्वश्चताको प्रत्याभूति दिलाइनेछ। खाद्यवस्तुको परीक्षणका लागि प्रयोगशाला स्थापना गरिनेछ।

२३३. प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरिनेछ। प्लास्टिक झोलाको सट्टा कपडा, जुट वा कागजको झोला उत्पादन, बिक्री वितरण र प्रयोगलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ | पालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा सालको दुना टपरीमा मात्रै खाजा दिने व्यवस्था मिलाइनेछ ।

२३४. खाद्य स्वच्छतामा आम नागरिकको चेतना जागृत गर्नका लागि विभिन्न निकायसँगको सहकार्यमा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२३५. बजारमा मापदण्ड विपरित सञ्चालितठेला तथाफुटपाथ व्यवसायलाई नीजि क्षेत्रसँगको सहकार्यमा उचित व्यवस्थापन गरिनेछ ।

२३६. जेब्राक्रसिङ, पार्किङ र लोकेसन बोर्डको व्यवस्था मिलाई बजारलाई थप व्यवस्थित र सुन्दर बनाइनेछ ।

२३७. कपडा बैङ्कको स्थापनाको प्रक्रिया अगाडि बढाइनेछ ।

*यान्त्रिक व्यवस्थापन*

२३८. विकास निर्माणमा प्रयोगहुने यान्त्रिक साधनहरूको चुस्त व्यवस्थापन गरी आवश्यक विकास निर्माणका काममा यन्त्रको पहुँच पुर्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

२३९. सबै यान्त्रिक साधनको पारदर्शी प्रयोग र व्यवस्थापन गरिनेछ।

२४०. बाढी, पहिरो, आगलागीलगायत विपदबाट जोखिममा परेका नगरबासीलाई तत्काल उद्धारका लागि र प्रारम्भिक प्रतिक्रिया इकाईको रुपमा प्रयोगका लागि यान्त्रिक साधनलाई तयारी अवस्थामा राखिनेछ ।

२४१. जहाँ खाडल त्यहाँ यान्त्रिक साधन कार्यक्रम सुरुवात् गरिनेछ ।

*आर्थिक प्रशासन*

२४२. कार्यालयबाट सम्पादन गरीने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गरिनेछ ।

२४३. वडा कार्यालयहरु र शाखाहरुसँग लेखापालन, बेरुजु, सम्परीक्षण, लेखापरीक्षण र सम्भावित जोखिमका सम्बन्धमा चौमासिक रुपमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

*नीति, कानून तथा न्याय प्रशासन*

२४४. "विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा" भन्ने नाराका साथ स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, आपसी समझदारी, वार्ता आदि तवरले, मेलमिलापको विधिबाट, न्यायका मान्य सिद्धान्तको अधीनमा रहेर समाधान गरी उपमहानगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, सक्षम, पहुँचयोग्य एवं विश्वसनीय बनाइनेछ ।

२४५. सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र गठन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै समाधान गर्ने कानूनी प्रावधानलाई थप प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।

२४६. न्यायिक समिति, जनप्रतिनिधि, कर्मचारी, मेलमिलापकर्ता र म्याद तामेलदारलाई क्षमता अभिवृद्धि र पुनर्ताजगी तालिम तथा अन्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

२४७. वादी प्रतिवादीलाइ समयमै झिकाउन म्याद तामेलदारहरुको क्षमता अभिवृद्धि गर्दै प्रभावकारी रुपमा परिचालन गरिने छ।

२४८. न्यायिक समितिको अभिलेख र प्रतिवेदन व्यवस्थित गरिनेछ ।

२४९. न्याय प्रशासनलाई सुदृढ, उत्तरदायी, जवाफदेही र प्रभावकारी बनाउनका लागि त्रैमासिक रुपमा प्रतिवेदन सार्वजनिक गरिनेछ ।

२५०. विवादका पक्षहरुको विवाद निरीक्षण तथा मेलमिलाप भइसकेपछि भयो भएन भनी न्यायिक समितिबाट नियमित निरीक्षण हुनेछ।

*राजस्व परिचालन नीति*

२५१. "तिरौ कर, बनाउ विकसित नगर" का लागि प्रगतिशील कर प्रणालीको विकास सक्षम, कर प्रशासनको निर्माण, करका दायरा बिस्तार, कानूनबमोजिम तोकिएका कर राजस्व, रोयल्टी, बिक्री तथा निकासी र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ । करदाता विवरण डिजिटल प्रणालीमा आबद्ध गर्दै प्रत्येक करदाताको कर तिर्ने दायित्वलाई एकीकृत गरी सबैलाई करको दायरामा समेटिनेछ ।

२५२. तुलसीपुर उपमहानगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पतिकर,बहालकर,व्यवसाय कर र विज्ञापन कर तथा अन्य करलाई एकीकृत रुपमा आबद्ध गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

२५३. राजस्व सङ्कलनका लागि वडास्तरबाटै सूत्र प्रणालीको प्रयोगलाई अवलम्बन गरिनेछ।

२५४. घर/जग्गा बहाल करलाई निरन्तरता दिदै सो करलाई टोलविकास समितिबाट व्यवस्थापन गरी राजस्व अभिबृद्धिमा जोड दिने निति अवलम्बन गरिनेछ ।

२५५. तुलसीपुर उपमहानगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पतिकर, बहालकर, व्यवसाय कर र विज्ञापन कर तथा अन्य करलाई एकीकृत रुपमा आबद्ध गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

२५६. दलित, अपाङ्ग, महिला, द्वन्दपीडित, कृषि तथा पशुपालक व्यवसायीहरु चालु आ.व.को मंसिर पश्चात नँया व्यवसाय दर्ता गर्न आएमा तोकिएको लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिई दर्ता गर्ने व्यवस्था कायम गरिनेछ ।

२५७. टोल विकास संस्थासँगको सहकार्यमा नदीजन्य पदार्थको अवैध चोरी निकासी नियन्त्रण गरिनेछ ।

२५८. टोल विकास संस्थासंग सहकार्य गरी घर बहालकर तथा सरसफाइ शुल्क संकलनलाई व्यवस्थित गरिनेछ ।

२५९. व्यवसाय करको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको लागि आगामी आ.व.मा वडास्तरबाटै दर्ता व्यवसाय दर्ता तथा नवीकरण गर्ने गरि अधिकार निपेक्षण गरिनेछ ।

## *आन्तरिक व्यवस्थापन तथा खरिद*

२६०. सङ्घीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्था तथा व्यक्तिहरुबाट प्राप्त भै उपमहानगरपालिकाको स्वामित्वमा रहेका भवन, जग्गा, उद्यान, बसपार्क आदि संरचना एवं सम्पत्तिको यथार्थ अभिलेख तयार गरी सम्पत्ति व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाइनेछ ।

२६१. बर्षभरि लागि आवश्यक पर्ने फर्निचर, फिक्चर्स, मेशीनरि औजार र अन्य कार्यालय सामाग्रीहरुको आवश्यकता पहिचान गरी वार्षिक खरिद योजना तर्जुमा गरिनेछ र खरिद कार्यलाई पारदर्शी र व्यवस्थित बनाइनेछ ।

२६२. उपमहानगरपालिका र मातहतका निकायको स्वामित्वमा रहेका भौतिक सम्पत्तिको जिन्सी निरिक्षण गरी अभिलेखलाई व्यवस्थित गरिनेछ ।

२६३. पुराना जिन्सी माल सामानहरुलाई लिलाम बिक्री गरी राफ साफ गर्ने व्यवस्था मिलाइने छ ।

२६४. जिन्सी व्यवस्थापनका लागि वडा स्तरमा समेत पाम्स प्रणाली पूर्ण रुपमा प्रयोगमा ल्याईनेछ।

## *आन्तरिक लेखापरिक्षण*

२६५. कार्यालयबाट सम्पादन गरिने कार्य नियमितता, मितव्ययी, कार्यदक्षता र प्रभावकारीताको आधारमा सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गरिनेछ ।

२६६. वडा कार्यालय, शाखा/महाशाखासँग लेखापालन, प्रतिवेदन, लेखापरीक्षण, रुजु, सम्परीक्षण र सम्भावित जोखिमका सम्बन्धमा चौमासिक रुपमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

नगर सभासदस्यज्यूहरू,

आगामी वर्षको हाम्रो मुख्य कार्यभार भनेको **"समृद्ध तुलसीपुर सबैकालागि सधैंका लागि"** भन्ने महाअभियानलाई सार्थक तुल्याउने नै हो ।यसका साथै सडक, खानेपानी, सिचाई, विद्युत र सञ्चार लगायतका पूर्वाधार प्राथमिकतामा राखिने छ । सेवा प्रवाहमा सुशासन सुदृढीकरण गरी जवाफदेही र जनउत्तरदायी स्थानीय सरकार निर्माण गर्ने जुन प्रयास हामीले गरेका छौं ।त्यसलाई आगामी दिनमा थप व्यवस्थित र सुदृढ गर्ने दायित्व पनि हामीमाझ नै छ । समग्र तुलसीपुरको विकासको आकाङ्क्षा पूरा गर्न विगतका बर्षहरू जस्तै आगामी बर्षमा पनि हामीले हाम्रो निष्ठा, समर्पण र त्यागलाई निरन्तरता दिनेछौं ।

यस नगरसभाको अवसरमा म तुलसीपुरको विकासमा साझेदारी र सहयोग गर्ने संघ तथा प्रदेश सरकार, जनप्रतिनिधि, विकास साझेदार संघसंस्थाहरू, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, पत्रकार तथा आमसञ्चार क्षेत्र, सम्पूर्ण कर्मचारी तथा नगरवासी  आमा बुवा दाजुभाइ, दिदीबहिनीहरूमा धन्यवाद व्यक्त गर्दछु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव दिई महत्वपूर्ण सहयोग पुर्याउने सबै जनप्रतिनिधि, कर्मचारी, विज्ञ, राजनीतिक दल,संघसंस्था लगायत सबैमा हृदयदेखि धन्यवाद व्यक्त गर्दछु । साथै यस नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनमा विगतमा झै सबैको सहयोगको अपेक्षा पनि गर्दछु ।

**धन्यवाद ।**